आज  मिति २०७७।१०।१५ गते बिहिवार यस हिलिहाङ गाउँपालिकाको कार्यालय, पंचमी पाँचथरका अध्यक्ष श्री भूवानी प्रसाद लिङदेन ज्यूको अध्यक्षतामा तपसिल बमोजिमका कार्यपालिका सदस्यहरुको उपस्थितिमा यस आ.व को सातौं कार्यपालिका बैठक द्वारा तल उल्लेखित प्रस्तावहरु माथि छलफल गरी देहायनुसारका निर्णयहरु पारित गरियो ।

**उपस्थिति :**

१. अध्यक्ष : श्री भूवानी प्रसाद लिङदेन ..........................................................................
२. उपाध्यक्ष : श्री सुमित्रा उप्रेती सेढाई ..........................................................................
३. वडा अध्यक्ष : श्री गोपीकृष्ण भण्डारी ..........................................................................
४. वडा अध्यक्ष : श्री भिम प्रसाद हेम्व्या ..........................................................................
५. वडा अध्यक्ष : श्री मदन गौतम ..........................................................................
६. वडा अध्यक्ष : श्री श्रीप्रसाद सिगु ..........................................................................
७. वडा अध्यक्ष : श्री लक्ष्मी प्रसाद सुहाङ ..........................................................................
८. वडा अध्यक्ष : श्री कृष्ण वा यवा ..........................................................................
९. वडा अध्यक्ष : श्री तिलबिक्रम ईधिङगो ..........................................................................
१०. का पा सदस्य श्री कामुदा गुरुङ ..........................................................................
११. का पा सदस्य श्री मेनुका देवी बजगाई ..........................................................................
१२. का पा सदस्य श्री माया कन्दङवा ..........................................................................
१३. का पा सदस्य श्री विष्णुकला उभरकोटी ..........................................................................
१४. का पा सदस्य श्री टिकाराम धमला ..........................................................................
१५. का पा सदस्य श्री दुर्गामाया परियार ..........................................................................
१६. सदस्य सचिव श्री बिक्रम लिम्बु ..........................................................................

**अन्य उपस्थिति :-**

१७. आर्थिक प्रशासन शाखा प्रमुख श्री सुवास भट्टराई..........................................................................
१८. योजना तथा प्रशासन शाखा प्रमुख श्री दुर्गा प्रसाद तिमसिना..........................................................................
१९. स्वास्थ्य संयोजक श्री चन्द्र प्रसाद शर्मा घिमिरे ..........................................................................

**<u>प्रस्तावहरु :-</u>**

**१. हालसम्म प्राप्त विभिन्न परिपत्र, आदेश, निर्देशन तथा मागपत्रहरुको जानकारी सम्बन्धमा ।**

**२. भूमि सम्बन्धी समस्या समाधान गर्न आवश्यक कर्मचारी करारमा लिने सम्बन्धमा ।**

**३. तमोर (वृहत पम्पिङ) खानेपानी तथा सरसफाई उ.भो.स. लाई अनुदान रकम सम्बन्धमा ।**

**४. MEDPA कार्यक्रम सञ्चालनको लागी वडा छनौट सम्बन्धमा ।**

**५. बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सम्बन्धमा ।**

**६. विविध**

**निर्णय नं. - १**

संघ, प्रदेश तथा जिल्लाका विभिन्न मन्त्रालय, विभाग तथा अन्य कार्यालयहरुबाट यस कार्यालयलाई हालसम्म प्राप्त भएका तपसिल अनुसारका निर्देशन, परिपत्र तथा मागहरु यस कार्यपालिका बैठकमा प्रमुख प्रशासकीय अधिकृत द्वारा वाचन गरी अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, कार्यपालिका सदस्यहरुलाई जानकारी गराईयो । उक्त महत्वपूर्ण विविध जानकारी, परिपत्र तथा निर्देशनहरु यसै कार्यपालिका बैठकको माध्यमद्वारा सम्बन्धित सरोकारवालाहरु सम्म पुर्याईने तथा आवश्यक कार्यान्वयन गर्ने/गराउने निर्णय समेत गरियो ।

**निर्णय नं. - २**

(क) भूमिहीन दलित, भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीहरुलाई व्यवस्थापन गर्नका लागि नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग ताहाचल काठमाण्डौ र हिलिहाङ गाउँपालिका बीच मिति २०७७ मंसिर २२ गते भएको समझदारी पत्रको बुँदा नं. (ग) मा उल्लेखित व्यवस्था कार्यान्वयन गर्न वा लगत संकलन तथा जग्गा नापजाँच कार्यलाई अघि बढाउन निम्नानुसारका आवश्यक कर्मचारीहरु करार सेवामा लिने जिम्मेवारी यस कार्यालयको पदपूर्ति समितिलाई प्रदान गर्ने निर्णय गरियो ।

तपसिल:-

| क्र स | पद | तह | माग संख्या |
|---|---|---|---|
| १ | सर्भेक्षक | सहायक पाँचौ | १ (एक) |
| २ | अमिन | सहायक चौथो | १ (एक) |
| ३ | तथ्याङ्क संकलक | सहायक चौथो | ३ (तीन) |
| ४ | तथ्याङ्क प्रविष्टिकर्ता | सहायक चौथो | १ (एक) |
| ५ | सामाजिक परिचालक | सहायक चौथो | १ (एक) |
| ६ | फिल्ड सहयोगी | श्रेणी विहिन | १ (एक) |

(ख) नेपाल सरकार भूमि सम्बन्धी समस्या समाधान आयोग ताहाचल काठमाण्डो र हिलिहाङ गाउँपालिका बीच भएको समझदारी पत्रको बुँदा नं. (घ) मा लगत संकलन तथा प्रमाणीकरणको कार्य व्यवस्थित र निर्धारित समयभित्र सम्पन्न गर्नको लागि कार्ययोजना तयार र बजेट व्यवस्थापन गरी कार्यान्वयनमा ल्याउने र सो कार्ययोजनाको एक एक प्रति आयोग वा जिल्ला समितिलाई उपलब्ध गराउने भन्ने प्रावधान बमोजिम यस कार्यलाई अघि बढाउन देहायनुसारको बजेट व्यवस्थापन गाउँपालिकाको समपूरक कोषबाट व्यहोर्ने निर्णय गरियो ।

तपशिल:-

| क्र स | खर्च शीर्षक | परिमाण | अनुमानित दर | जम्मा बजेट रु | समयवधि |
|---|---|---|---|---|---|
| | **जनशक्ति व्यवस्थापन** | | | | |
| १ | संयोजक तलब भत्ता | ० | ० | ० | ० |
| २ | सर्भेक्षक तलब भत्ता | १ | १४१००० | १४१००० | ५ महिना |
| ३ | अमिन तलब भत्ता | १ | १३४००० | १३४००० | ५ महिना |
| ४ | सामाजिक परिचालक त भ | १ | १३४००० | १३४००० | ५ महिना |
| ५ | तथ्याङ्क संकलक त भ | ३ | ८०००० | २४०००० | ३ महिना |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | तथ्याङक प्रविष्टीकर्ता त भ | १ | ८०००० | ८०००० | ३ महिना |
| ७ | फिल्ड सहयोगी तलब भत्ता | १ | १९४८० | ९७४०० | ५ |
| | जम्मा | | | ८२६४०० | |
| | **सामाग्री/उपकरण खरिद** | | | | |
| ८ | कम्प्युटर | २ | ६०००० | १२०००० | |
| ९ | प्रिन्टर/स्क्यानर | २ | १२०००० | २४०००० | |
| १० | टोटल स्टेशन | १ | ८००००० | ८००००० | |
| | जम्मा | | | ११६०००० | |
| ११ | ईकाइ कार्यालय व्यवस्थापन खर्च | १ | ५०००० | २००००० | |
| १२ | अभिमुखीकरण तथा तालिम खर्च | १ | ३०००० | ५०००० | |
| १३ | दैनिक भ्रमण भत्ता खर्च | १ | ५०००० | ५०००० | |
| १४ | अन्य प्रशासनिक खर्च | १ | २५००० | २५००० | |
| | जम्मा | | | ३२५००० | |
| | **कुल जम्मा** | | | २३११४०० | |

**निर्णय नं. - ३**

(क) संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत श्री तमोर (वृहत पम्पिङ) खानेपानी तथा सरसफाई उपभोक्ता समिति हिलिहाङ १-४ ले खानेपानी आयोजनाको कुल लागत (रु ३०,४०,००,७८७) को १% रकम बराबरको साझेदारी गरी आयोजनाको ठेक्का प्रकृया अघि बढाउने प्रावधान बमोजिम उक्त उपभोक्ता समितिले कुल साझेदारी रकम रु ३०४०६६७ (अक्षरेपी रु तीस लाख चालिस हजार छ सय सडसठ्ठी रुपैया मात्र) मध्ये रु २३६०००० मात्र जम्मा गर्न सकेको र बाँकी रकम प्रभावित क्षेत्रका लाभग्राहीहरुको आर्थिक अवस्था दयनीय भई बाँकी रकम रु ६८०,०००/- समयमा उठन नसकी आयोजनाको ठेक्का प्रकृया नै रोकिन लागेको अवस्थालाई मध्यनजर गरी तमोर खानेपानी तथा सरसफाई उपभोक्ता समितिको चं नं. १८ र मिति २०७७/१०/१५ गतेको मागपत्र बमोजिम समितिलाई रु ६८००००/- (अक्षरेपी रु छ लाख असि हजार मात्र) सापटीको रुपमा (२०७७ फाल्गुण मसान्त भित्र गाउँपालिकालाई फिर्ता गर्ने शर्तमा) गाउँपालिकाको समपूरक कोषबाट रकम निकासा दिने निर्णय गरियो

(ख) संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना अन्तर्गत श्री सुभाङ (वृहत पम्पिङ) खानेपानी तथा सरसफाई उपभोक्ता समिति ले खानेपानी आयोजनाको कुल लागत (रु १ अरव ८ करोड ३३ लाख) को १% रकम बराबरको साझेदारी गरी आयोजनाको ठेक्का प्रकृया अघि बढाउने प्रावधान बमोजिम उक्त उपभोक्ता समितिले कुल साझेदारी रकम रु १०८३३००० (अक्षरेपी रु एक करोड आठ लाख तेत्तिस हजार रुपैया) मध्ये अपुग रकम रु ४०००००० (अक्षरेपी रु चालिस लाख मात्र) तत्काल आयोजनाको ठेक्का शुरु गर्न श्री सुभाङ (वृहत पम्पिङ) खानेपानी तथा सरसफाई उपभोक्ता समितिलाई २०७७ फाल्गुण मसान्त भित्र फिर्ता गर्ने शर्तमा सापटी रकम गाउँपालिकाको समपूरक कोषबाट निकासा दिने निर्णय गरियो ।

**निर्णय नं.- ४**

यस गाउँपालिका अन्तर्गत आर्थिक वर्ष २०७७/७८ देखी MEDPA कार्यक्रम सञ्चालन गर्न यस कार्यालयको भिलेज प्रोफाईलका आधारमा सबैभन्दा बढी गरिबी रहेको वडा नं. ७ र उधमीहरुको संख्या धेरै रहेको वडा नं. ६ मा रहेको तथ्यलाई ध्यानमा राखी वडा नं. ६ र ७ मा MEDPA कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

**निर्णय नं. - ५**

हिलिहाङ गाउँपालिकामा आ.व. ०७७/७८ मा पशु सेवा केन्द्र तर्फको शसर्त कार्यक्रम बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सञ्चालनका लागि कार्यालयले प्रकाशित गरेको सूचना बमोजिम तोकिएको म्यादभित्र प्राप्त प्रस्तावहरुमध्ये तपसिल बमोजिमका कृषक समुह/सहकारीहरुलाई छनौट गर्ने निर्णय गरियो

तपसिल:-

१. दोरुम्बा कृषि संकलन तथा बिक्री केन्द्र

२. पाथीभरा सदन कृषक समूह

३. पञ्चमी कृषि बहुउद्धेश्यीय सहकारी संस्था

**निर्णय नं. ६**

१. हिलिहाङ गाउँपालिका वडा नं. ४ बस्ने पूर्ण कुमार योङहाङको माग निवेदन अनुसार निजको छोरा ईन्द्र कुमार योङहाङ रुखबाट लडि उपचाररत रहेको र निजको आर्थिक अवस्था कमजोर रहेकोले निजलाई रु २०,००० (अक्षरेपी रु बीस हजार मात्र) उपचार खर्च स्वरुप रकम निकासा दिने निर्णय गरियो।
२. हिलिहाङ गाउँपालिका वडा नं. २ बस्ने मिना तामाङ मोटरसाइकल सवारिमा दुर्घटना भई सख्त घाइते भइ सघन उपचारको क्रममा रहेको हुँदा निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएको हुँदा निजलाइ रु ५००००।० पचास हजार आकस्मिक कोषबाट राहत उपलब्ध गराउने निर्णय गरियो।